आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या : २

आज मिति २०८०/०५/२७ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोख्रेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोख्रेल प्रशासन शाखा प्रमुख

CamScanner

मिति :२०८०/०५/२७

प्रस्ताव नं. १

गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) छनौटका लागि समिति गठन सम्बन्धमा।

निर्णय :

विरुवा गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणका लागि गाउँपालिका कार्यालयद्धारा मिति २०८०/०४/२२ गते प्रकाशित सार्वजनिक सूचना अनुरुप समयसीमाभित्र रितपूर्वक कार्यालयमा पेश भएका नमूनाहरुमध्येबाट उत्कृष्ट लोगो छनौट गरी गाउँकार्यपालिकामा पेश गर्नेगरी तपसिल बमोजिमको छनौट समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

श्री कृष्ण बहादुर क्षेत्री — संयोजिक

श्री नोम बहादुर गुरुङ — सदस्य

श्री मनु कुमारी राना — सदस्य

श्री प्रमिला पौडेल — सदस्य

श्री पिताम्बर पोखेल — सदस्य सचिब

प्रस्ताव नं. २

राजश्व संकलन/उपयोगको विषयमा स्थानीय राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा।

क. सडक उपयोग दस्तुर

ख. दहत्तर बहत्तर

ग. कृषि उपज संकलन केन्द्र

निर्णय :

विरुवा गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिस बमोजम निम्न विषयहरुमा तपसिल बमोजिम गर्ने सर्वसहमतिले निर्णय गरियो।

क. राङखोला विरुवा सडक खण्डको सडक उपयोग दस्तुर : विरुवा गाउँपालिकाक्षेत्रभित्र पर्ने राङखोला विरुवा सडकखण्डको सडक उपयोग दस्तुर संकलनका लागि चौथो पटक आय ठेक्काको लागि सूचना प्रकाशित गर्दा पनि कुनै पनि निवेदन नपरेको हुँदा स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा चौथो पटकको सूचनामा उल्लेखित रकम रु ४,९८,०००/- मा २५ प्रतिशत रकम कम गरी पून सूचना प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

ख. दहत्तर वहत्तर : विरुवा गाउँपालिका क्षेत्रभित्र बहने म्याङखोला, बास्तराखोला र ज्याग्दीखोलाबाट IEE प्रतिवेदनमा उल्लेखित मात्रामा नियमानुसार ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) संकलनका लागि सूचना प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

ग. कृषि उपज संकलन केन्द्र : विरुवा गाउँपालिका वडा नं. १ मा निर्माण गरिएको कृषि उपज संकलन केन्द्र संचालनका लागि पटक पटक सूचना प्रकाशन गर्दा कसनै पनि आवेदन नपरेकोले स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा यसअघि निर्धारण गरिएको मासिक भाडा रकम रु

८,६४०/- लाई घटाएर मासिक रु ३,०००/- कायम गरी पुन सूचना प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको म्याद थप सम्बन्धमा।

**निर्णय :**

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/०३/३० मा भएको भवन निर्माण सम्झौता (ठेक्का नं. NCB/BRM/AB/003/2076/77) बमोजिमको निर्माण कार्य कोभिड १९, मनसुनको प्रभाव, निर्माण ब्याबसायीहरुले गरेको Construction Holiday लगायत विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेको जानकारी गराउदै निर्माण कम्पनीले निर्माण समयावधी (म्याद) थपका लागि अनुरोध गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौ संशोधनको दफा १२०(क) बमोजिम विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणको निर्माण समयावधि म्याद समाप्त भएको मितिले ३ महिना (२०८० मंसिर मसान्त) सम्मका लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ४**

योजना सम्झौता प्रक्रिया र समयसीमा सम्बन्धमा।

**निर्णय :**

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ मा समावेश बार्षिक योजना तथा कार्यक्रमहरुमध्ये उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने रु ३ लाखभन्दा कम रकमका पूर्वाधारका योजना वडा कार्यालयबाटै सम्झौता गरी भुक्तानीको लागि मात्र गाउँपालिका कार्यालयमा सिफारिस गर्ने व्यवस्था गर्दै सोको लागि वडा सचिवहरुलाई तोकिएबमोजिमका योजनाहरुको सम्झौता गर्न सक्ने गरी अधिकार प्रत्योजन गर्ने सर्वसहमतिले निर्णय गरियो। साथै चालु आ.व. मा उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता २०८० कार्तिक मसान्तभित्र गरिसक्न निर्देशन सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ५**

मर्मत संभार कोष संचालन सम्बन्धमा।

**निर्णय :**

विरुवा गाउँपालिकाको मर्मत संभार विशेष कोष संचालन कार्यविधि, २०७९ को चालु आ.व. २०८०/८१ बाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ६**

३ नं. वडा कार्यालय भवन र राङभाङ स्वास्थ्य चौकी भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा।

CamScanner

निर्णय :

विरुवा गाउँपालिका वडा नं. ३ को वडा कार्यालय भवन र सोही वडामा निर्माण हुने राङभाङ स्वास्थ्य चौकीका लागि आवश्यक जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढाउने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव नं. ७

वडा स्तरीय तिज कार्यक्रमका लागि वजेट व्यवस्थापन सम्वन्धमा।

निर्णय :

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को क्र.सं. ६३ मा समावेश महिला शसक्तिकरण/दिवस/तिज आदि शीर्षकका लागि विनियोजित रु ३ लाख रकमबाट प्रत्येक वडा कार्यालयलाई रु ३५ हजारमा नबढ्ने गरी तिज कार्यक्रमका लागि उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव नं. ८

सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकता निर्धारण सूची अनुमोदन सम्वन्धमा।

निर्णय :

विरुवा गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्रमा आ.व. २०८०/८१ का लागि सूचीकृत बेरोजगार व्यक्तिको प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१(३) बमोजिमका आधारहरुमा तयार गरिएको संलग्न बमोजिमको प्राथमिकता सूची सोही निर्देशिकाको दफा २१(४) बमोजिम स्वीकृत गरी प्रकाशन गर्ने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव नं. ९

घरनक्सा पास र भवन अभिलेखीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन सम्वन्धमा।

निर्णय :

विरुवा गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने घर तथा भवनहरुको नक्सा पास अनिवार्य गर्ने र नक्सापास नगरी निर्माण भएका भवनहरुको अभिलेखीकरण गर्ने प्रयोजनका लागि जनचेतना जगाउने उदेश्यले वडा स्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव नं. १०

लागत साझेदारीमा कार्यक्रम माग गर्ने सम्बन्धमा।

निर्णय :

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को मिति २०८०/०५/०६ को साना विकास परियोजना सम्बन्धी परिपत्र अनुसार विरुवा गाउँपालिका बाट एक स्थानीय तह एक खेलमैदान नीति अनुरुप निर्माण शुरु गरिएको विरुवा गाउँपालिका – ८ मेथाभुरुङ्ग स्थित

पुष्पमदन रंगशाला छुनौट गरी उक्त कार्यक्रमका लागि सिफारिस गर्ने साथै उक्त कार्यक्रम संचालनका लागि नियमानुसार गर्नुपर्ने २० प्रतिशत लागत साझेदारीसमेत सुनिश्चितता गर्ने सर्वसहमतिले निर्णय गरियो।

प्रस्ताव नं. ११
संविधानसभा अध्यक्ष स्व. सुवासचन्द्र नेम्वाङको निधनमा शोक प्रस्ताव पारित गर्ने सम्वन्धमा।
निर्णय :
संविधासभा अध्यक्ष तथा बर्तमान प्रतिनिधिसभा सदस्य सुवास कुमार नेम्वाङको यहि मिति २०८०/०५/२६ गते ७१ बर्षको उमेरमा भएको असामयिक निधनप्रति दुख प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने सर्वसहमतिले निर्णय गरियो।

CamScanner